# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, माघ ४ गते, २०८० साल (संख्या ४९

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### सूचना

### राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८०

**प्रस्तावना**: राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ३ मा संशोधनः</u>** राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को दफा ३ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) नेपाल सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा सात जना – सदस्य"

**आज्ञाले,**
**गणेश प्रसाद पाण्डेय**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।